# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः ०६ मई २०२५

समयः १८:५० - १९:०० बजे

<u>मुख्य समाचार</u>

- गृह मन्त्रालयको निर्देशन अनुसार भोली देशभरको २४४ सीमावर्ती जिल्लाहरूमा "मक ड्रिल" संचालन गरिने भएको छा
- वक्फ संशोधन ऐनलाई लिएर मुर्शिदाबादमा भएको अशान्तिको समयमा प्रभावित परिवारहरूलाई भेट्न मुख्यमन्त्री ममता बनर्जी आज शमशेरगंज पुग्नु भयो ।
- पहलगाममा भएको आतंकवादी हमलालाई मध्यनजर गर्दै आरपीएफले उत्तर बंगालको प्रवेशद्वार मानिने न्यु जलपाईगडी रेलवे स्टेशनमा सुरक्षा व्यवस्था कठोर पारेको छ।
- प्रसार भारतीले जनसाधारणको सुविधाको लागि तथा मनोरञ्जन प्रदान गर्ने उद्देश्यको साथमा ओटीटी प्लेटफर्ममा वेभ एप्स शुरु गरेको छ।
- दार्जीलिङ रामकृष्ण शिक्षा परिषद उच्चत्तर माध्यमिक विद्यालय (RKSP) ले 3 वटा नयाँ बिषयहरू लागु गर्ने विषयमा स्वीकृति पाएको छ।

<u>मुख्यमन्त्री – मुर्शिदावाद</u>

वक्फ संशोधन ऐनलाई लिएर मुर्शिदाबादमा भएको अशान्तिको समयमा प्रभावित परिवारहरूलाई भेट्ने मुख्यमन्त्री ममता बनर्जी आज शमशेरगंज पुग्नु भयो । जहा उहाले हिंसाबाट प्रभावित परिवारका समस्याहरू सुनेपछि उनीहरूलाई सहयोग प्रदान गर्ने बारेमा प्रशासनिक अधिकारीहरूसँग छलफल गर्नु भयो ।मुख्यमन्त्री आज बिहान हेलिकप्टरबाट बहरामपुर पुगेपछि पैदल यात्रा गर्दै शमशेरगंज खण्ड विकास कार्यलय पुग्नु भएको थियो। यसक्रममा मानिसहरूले उहालाई न्यानो स्वागत गरे। मुख्यमन्त्रीले खण्ड विकास कार्यालयमा हिंसाबाट प्रभावित परिवारहरूलाई व्यक्तिगत रूपमा भेट गर्नु भयो । यस क्रममा राज्यका पुलिस महानिदेशक राजीव कुमार र मुख्य सचिव मनोज पन्त पनि उपस्थित थिए। मुख्यमन्त्रीले प्रत्येक परिवारको समस्या ध्यानपूर्वक सुनेपछि उनीहरूलाई सम्भव भएसम्म सबै सहयोग गर्ने आश्वासन दिनु भयो।

<u>मक ड्रिल- राजु विष्ट</u>

गृह मन्त्रालयको निर्देशन अनुसार भोली देशभरको २४४ सीमावर्ती जिल्लाहरूमा "मक ड्रिल" संचालन गरिने भएको छ। यसमा दार्जिलिङ पहाड, तराई, डुवर्स तथा सिक्किमका छिमेकी जिल्लाहरू समेटिने छन्। दार्जिलिङ क्षेत्रका सांसद तथा भाजपा राष्ट्रिय प्रवक्ता राजु बिस्टाले सम्पूर्ण नागरिक, विशेषगरी युवा वर्गलाई यो अभ्यासमा सक्रिय सहभागिता जनाउन अपील गर्नु भएको छ। सुरक्षाको दृष्टिकोणले नागरिक सुरक्षा व्यवस्था,हवाई आक्रमण चेतावनी प्रणाली,अकालीन परिस्थितिमा नागरिक संरक्षण, विद्युत् अवरोध व्यवस्था, नागरिक उद्धार योजना परीक्षण, तथा अन्य आपतकालीन व्यवस्थापनलाई सुदृढ गर्न यो अभ्यास गरिने छ। श्री विष्टले एक प्रेस विज्ञप्ति जारी गर्नु हुदै, यस मक ड्रिलमा सहभागी भएर नागरिकहरूले संकट व्यवस्थापनका उपयोगी सीपहरू सिक्न, आपसी सहयोग गर्न तथा स्थानीय प्रशासनलाई मजबुत बनाउन सकिने बताउनु भएको छ। उहाले आपतकालीन योजनाहरू प्रभावकारी बनाउन तथा नागरिक सुरक्षा सुदृढ गर्न जन साधारणको सहभागिता महत्त्वपूर्ण रहेको बताउनु भएको छ ।श्री विष्टले

दार्जिलिङ पहाड, तराई, डुवर्स र सिक्किमका नागरिकहरूको एकताले सुरक्षामा सक्षम समाज निर्माण गर्न मद्दत गर्ने विश्वास व्यक्त गर्नु भएको छ।

**एनजेपी- सुरक्षा**

जम्मू कश्मीरको पहलगाममा भएको आतंकवादी हमलामा निर्दोष नागरिकको मृत्यु भएपछि देशभर सुरक्षा व्यवस्था कडा पारिएको छ। आक्रमणलाई लिएर देशभर आक्रोश छ। विभिन्न ठाउँमा विरोध प्रदर्शन पनि भइरहेका छन्। यसलाई ध्यानमा राख्दै, आरपीएफले उत्तर बंगालको प्रवेशद्वार मानिने न्यु जलपाईगडी रेल्वे स्टेशनमा सुरक्षा व्यवस्था कठोर पारेको छ। आरपीएफ निरीक्षकको नेतृत्वमा स्टेशनमा यात्रुहरूको सुरक्षाको लागि विशेष निगरानी भइरहेको छ। पहलगाम घटनापछि स्थानीय स्तरमा प्रत्यक्ष प्रभाव नदेखिए पनि रेलवे र पुलिस प्रशासन अझै सतर्क छ। यात्रुहरूको सुरक्षा सुनिश्चित गर्न, २४ घण्टा आरपीएफ र जीआरपीले संयुक्त रुपमा प्लेटफर्म र ट्र्याकहरूको नियमित निरीक्षण सुरु गरिएको छ। यात्रुहरूको सुरक्षालाई ध्यानमा राखेर यो विशेष खोजी अभियान सञ्चालन गरिएको आरपीएफ निरीक्षकले बताउनु भएको छ । स्टेशनको हरेक क्षेत्रमा निगरानीमा छ, जसमा शंकास्पद व्यक्तिहरूसँग सोधपुछ र सामानको जाँच पनि गरिन्दैछ । जसका लागि स्निफर डगहरूको सहयोग लिइँदैछ। रेलवे प्रशासनले यात्रुहरूलाई नआत्तिन र उनीहरूलाई सहयोग गर्न अनुरोध गरेको छ।

**प्रसार भारती**

प्रसार भारतीले जनसाधारणको सुविधाको लागि तथा मनोरञ्जन प्रदान गर्ने उद्देश्यको साथमा ओटीटी प्लेटफर्ममा वेभ एप्स शुरु गरेको छ। यस विषयमा आज आकाशवाणी खरसाङमा पत्रकार सम्मेलन आयोजना गरेर विस्तृत जानकारी गराइएको छ। पत्रकार सम्मेलनमा आकाशवाणी सिलगडी अनि खर्सांगका निर्देशक अभियन्ता एंव क्लष्टर हेड जितेनकुमार रोय, आकाशवाणी खरसाङका कार्यक्रम निष्पादक समन्वयक राजीव सुब्बा, आकाशवाणी सिलगढी एंव दूरदर्शन जलपाईगढीका कार्यक्रम निष्पादक अमीत लम्जेल सार्की उपस्थित रहेका थिए। पत्रकार सम्मेलनलाई वरिष्ठ उदघोषक उमेश कार्कीढोलीले सञ्चालन गर्नु भएको थियो । आकाशवाणीका अधिकारीहरुले भारत सरकार अन्तर्गत प्रसार भारतीले मनोरञ्जन विश्वभरी आफ्नो कदम अघि बढाउँदै ओटीटी प्लेटफर्ममा वेभ एप्स शुरु गरिएको जसमा भारतीय मनोरञ्जनका विभिन्न कार्यक्रमहरु हेर्न सकिने साथै फिल्म, टीभी शोहरु लगायत 65 वटाभन्दा बेसी लाइभ च्यानलहरु र रेडियो कार्यक्रमहरूको मनोरञ्जन लिन सकिने जानकारी गराएका छन्। यस वेभ साइटमा पुरानो फोटोहरु पनि उपलब्ध रहने साथै यो एक पारिवारिक ओटीटी प्लेटफर्म रहेको र सबै प्रकारका उमेर समूहका मानिसहरुले मनोरञ्जन लिन सक्ने नि:शुल्क एप्स रहेको पनि जानकारी गराएका छन्। अधिकारीहरुले यो एप्स प्ले स्टोरमा गएर डाउनलोड गर्न सकिने जानकारी पनि गराएका छन्। यो वेभ साइटमा 14 वटाभन्दा अधिक भाषाहरुमा कार्यक्रमहरु हेर्न सकिने जानकारी गराएका छन्। एक प्रश्नको उत्तरमा अधिकारीहरुले यस वेभ साइटमा नेपाली भाषामा पनि कार्यक्रमहरुका लागि आकाशवाणीको उच्च अधिकारीहरुलाई लिखित रुपमा दिने पनि जानकारी गराएका छन्।

**आरकेएसपी**

दार्जीलिङ रामकृष्ण शिक्षा परिषद बाल उच्चत्तर माध्यमिक विद्यालय (RKSP) मा 3 वटा नयाँ बिषयहरू लागु हुने स्वीकृति आएको छ। यी 3 वटा बिषयहरू अर्टिफिसेल ईन्टेलिजेन्ट डाटा साईन्स, कम्प्युटर साईन्स अनि ईनभारमेन्टल साईन्स रहेको छ । यसरी नै भूगोल विषय पनि चाँडै लागू हुने भएको छ। दार्जीलिङ रामकृष्ण शिक्षा परिषद उच्चतर माध्यमिक विद्यालय आर के एस पीमा हाल 11 अनि 12 श्रेणीमा कला, बाणिज्य अनि बिज्ञान बिभागहरू संञ्चालित छना। पश्चिम बंगाल उच्च शिक्षा बिभागले बिद्यलयलाई यी बिषयहरु समावेश गर्ने अनुमति पत्र दिएको बिद्यल्यका प्रमुख प्रधान अध्यपक डा मिलन तामाङ्गले जानकारी दिनु भएको छ ।

**गोपालधारा- शिलान्याश**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन सियोक गोपालधारा ओकेटी समष्टि अन्तर्गत गोपालधारा भीर गाँउलाई मुख्य सडकसित जोड्ने सडक निर्माण कार्यको शिलान्यास गरिएको छ।सडक निर्माण कार्यको शिलान्यास समष्टि सभासद धुर्ब बम्जनले गर्नु भयो सचिन तामाङले संचालन गरेको शिलान्यास कार्यक्रममा बोल्नु हुदै पार्टीकी नारी नेत्री सुरेखा राईले गोपालधारा भीर गाँउबासीले लामो समयदेखि यातायातमा भोगी रहेको समस्याबारे जीटीए प्रमुख अनित थापालाई अवगत गराएपछि गाँउमा सडक निर्माण कार्यको शिलान्यास भएको बताउनु भयो I जसका लागि भीर गाँउबासी अनित थापाप्रति धैरै आभारी रहेको पनि उहाले बताउनु भयो ।

**सोनादा ड्रग्स**

सोनादा पुलिसले ड्रग्स विरोधी अभियानमा अझैं सफलता हात पारेको छ। गत 26 अप्रेलमा सोनादा पुलिसले नाका चेकिङको समयमा ड्रग्ससहित एक महिला र पुरुषलाई पक्राउ गरेका थिए भने त्यसैको आधारमा जाँच शुरु गरेर हिजो राती सोनादा पुलिसले ठूलो सफलता हात पारेको छ। हिजो राती सिलगढीको प्रधान नगरस्थित कुलीपाढाबाट ड्रग्स सप्लायर्स एक व्यक्तिलाई सोनादा पुलिसले पक्राउ गरेर सोनादा ल्याएका छन्। आज उनलाई एनडीपीएस एक्ट अन्तर्गत कोर्टमा पठाएको जानकारी प्राप्त भएको छ। उल्लेखनीय छ सोनादा पुलिसले ड्रग्स विरोधी अभियानमा साथै ड्रग्स ओसार पसार रोक्न धेरै कदम चालिरहेको छ।

**सप्तश्री ज्ञानपीठ**

कालेबुङको एक प्रतिष्ठित विद्यालय सप्तश्री ज्ञानपीठमा अशोक प्रधान स्मृति हल विधिवत रूपमा उद्घाटन गरियो । कार्यक्रममा कालेबुङका विधायक रूदेन सादा लेप्चा प्रमुख रूपमा उपस्थित हुनुहुन्थ्यो भने उहाकै वाहुलीबाट हलको उद्घाटन गरियो Iकार्यक्रमलाई सम्बोधन गर्नु हुदै विद्यालयका निर्देशक तपनकुमार प्रधानले सप्तश्री ज्ञानपीठ वर्तमान अवस्थामा आइपुग्न आफ्ना दाजु अशोक प्रधानको पनि महत्वपूर्ण योगदान रहेको बताउँदै उनकै नाममा यो हलको नामकरण गरेको बताउनु भयो। विधायक रूदेन सादा लेप्चाले आफ्नो सम्बोधनमा सन् १९६८ मा सप्तश्री ज्ञानपीठको जग टर्डलस प्रिपरेटोरीबाट शुरू भएको बताउनु हुदै त्यस समयदेखि कालेबुङको शैक्षिक विकासमा सप्तश्री ज्ञानपीठले महत्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको जानकारी गराउनु भयो। उहाले सप्तश्री ज्ञानपीठका विद्यार्थीहरूको उत्कृष्ट प्रदर्शन आफूले समय- समयमा देख्ने गरेको र समाजले सप्तश्री ज्ञानपीठबाट धेरै कुरा सिक्न र जान्न पाइरहेको बताउनु भयो। श्री लेप्चाले शिक्षाको क्षेत्रमा अनि विविध क्षेत्रमा सप्तश्री ज्ञानपीठले गर्दै आइरहेको कार्यको मुग्धकण्ठले प्रशंसा गर्नु हुदै स्थानीय विद्यार्थीहरूलाई अघि बढ़ाउन र स्थानीय प्रतिभाहरूलाई निकाल्न सप्तश्री ज्ञानपीठले महत्वपूर्ण कार्य गरिरहेकोमा विद्यालयका निर्देशक तपनकुमार प्रधानलगायत सम्पूर्ण सञ्चालन समितिका पदाधिकारी अनि शिक्षक- शिक्षिकाहरूलाई बधाई पनि दिनु भयो।

**पेलझोम तामाङ**

मङपू लाब्दा सिन्कोना बगान निवासी पिता अन्मोल तामाङ अनि माता झुम्के भुटियाको छोरी पेलझोम तामाङले प.बङ्गाल मिदनापुर मेडिकल कलेजबाट हालैमा एमबीबीएस डिग्री हासिल गरेकी छन्। डा. पेलझोम तामाङले बाल्य शिक्षा मङपू सन्तमंगल एकाडामीबाट लिएको हुन भने आई.सी.एस.ई कालेबुङ सप्तहश्री ज्ञानपीठबाट अब्बल दर्जामा उतिर्ण गरेकी थिइन् ।

**मिरिक- बुद्ध जयन्ती**

मिरिक बजारस्थित जाम्बुलिंग गुम्बामा गत वर्षहरु झैँ यस वर्ष पनि भगवान गौताम वुद्धको जन्म जयन्ती भव्यताको साथमा भक्तिभाव अनि पूजा अर्चनाको साथमा पालन गर्ने गुम्बाका अध्यक्ष रोशन लामा यल्मो अनि जे के गोलेले जानकारी गरेका छन् I उनीहरुले आगामी ७ मईदेखि १२ मईसम्म गुम्बामा पूजा अर्चना हुने बताउदै पूजाको अन्तिम दिन भगवान वुद्धको प्रतिमा नगर परिक्रमा गराईएपछि वांग वितरण गरेपछि पूजा समापन हुने बताएका छन् I यसका साथै उनीहरुले भक्तहरुलाई पूजामा उपस्थित भइदिने आह्वान पनि गरेका छन् I

**गाजा पक्राउ**

प्रधाननगर थाना पुलिसले  ठूलो परिमाणमा गाँजासहित चार तस्करलाई पक्राउ गरेको छ। पक्राउ परेका तस्करहरूको नाम अजिजुर रहमान, दीपचन्द बर्मन, दुर्योधन दास र संजय दास हुन्। स्रोत अनुसार सोमबार राति अबेर कुचबिहारको सितलकुचीका चार जना युवाहरू गाँजा लिएर बसबाट सिलगढी जंक्शन बस स्ट्यान्डमा आइपुगे।

****** ० ******